# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ७, माघ २४ गते २०८१ साल - संख्या ६

# भाग १

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको १४ औं नगरसभा बाट मिति २०८१।१०।२४ गते पारित भई नगर प्रमुखबाट मिति २०८१ माघ २८ गते प्रमाणिकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१ पहिलो संशोधन

नगरसभाबाट पारित मितिः २०८१।१०।२४ गते

नगर प्रमुखबाट प्रमाणीकरण मिति : २०८१।१०।२८ गते

२ खुला प्रतियोगिताद्वारा पदपूर्ती हुने नगर प्रहरी जवानको हकमा न्यूनतम १८ वर्ष पुरा भई ३० बर्ष ननाघेको हुनु पर्नेछ । नगर प्रहरी सहायक निरीक्षकको हकमा खुला पदपूर्ती गर्दा न्युनतम २१ वर्ष पुरा भई अधिकतम ३० वर्ष ननाघेको र शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र तह वा सो सरह हुनु पर्नेछ ।सुरक्षा निकायका सेवाहरुबाट अवकास वा स्वच्छीक अवकास प्राप्त गरेकाको हकमा नगर प्रहरी सहायक निरक्षकको पदमा अधिकतम ४५ वर्ष उमेर पुरा नभएको र एस एल सी वा सो सरहको योग्यता भएका उमेद्वारहरुलाई मान्यता दिईनेछ । राजापुर नगरपालिकामा प्रथम पटक नगर प्रहरी सहायक निरिक्षकको पदपूर्ती गर्दा सुरक्षा निकायको सो सरहको पदबाट अवकास प्राप्त उमेद्वारहरुबाट पदपूर्ती गरिनेछ ।

३) नगर प्रहरी हवल्दारको व्यवस्था आवश्यकताका आधारमा नगर प्रहरी जवानहरु मध्येबाट कम्तीमा ५ वर्ष सेवा अवधी, कार्यक्षमता र योग्यताका आधारमा आन्तरिक बढुवा माफर्त पदपुर्ति गरीने छ । तर प्रथम पटकको लागी नेपाल सरकारको सुरक्षा निकायबाट अवकास वा स्वच्छीक अवकास प्राप्त गरेको तथा न्यूनताम योग्यता पुगेका उमेद्वारहरुबाट पदपूर्ती गरिनेछ । जसको अधिकतम ४५ बर्ष ननाघेको र कक्षा ८ पास वा सो सरह योग्यता भएको हुनु पर्नेछ ।